**अनुसूची २**

(दफा ४ तथा अनसूची (१) को भाग (२) सँग सम्बन्धित)

हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ | संख्याः १ | मितिः २०७६/०१/२८

**भाग-२**

**हेलम्बु गाउँपालिका**

**(हेलम्बु गाउँ कार्यपालिकाबाट मिति २०७६/०१/२६ मा पारित)**

# विद्यालय भौतिक संरचना मर्मत सम्भार कार्यविधि २०७६

**प्रस्तावनाः**

नेपालमा निर्माण भएका विद्यालय संरचानाहरुको प्रयोग तथा मर्मत सम्भार सम्बन्धि नितीगत व्यवस्था गरेको पाइदैन । नेपाल सरकार तथा दातृ निकायको सहयोगमा निर्माण भएका भवनहरुको पुर्ण स्वामित्व तथा जिम्मेवारी स्थानीय सरकारको हुन्छ ।

यस कुरालाइ मध्य नजर गरी नेपालको संविधान २०७२ को अनुसुची ८ र "स्थानीय सरकार सञ्चालन ऐन २०७४" को दफा ११ को उपदफा ज र हेलम्बु गाउँपालिका शिक्षा ऐन २०७५ को दफा २ को उपदफा घ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारको काम कर्तव्य र अधिकार अर्न्तगत हेलम्बु गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरुको भौतिक संरचना मर्मत तथा सम्भार गर्न वाञ्छनिय देखिएकोले यस विद्यालय भौतिक संरचना मर्मत सम्भार कार्यविधि २०७६ जारी गरिएको छ ।

**परिच्छेद १**

**संक्षिप्त नाम र परिभाषा**

**१ संक्षिप्त नाम र प्रारम्भः**

क.यो कार्यविधिको नाम **" विद्यालयका संरचनाहरुको मर्मत सम्भार कार्यविधि २०७६"** रहेको छ ।

ख. यो कार्यविधि हेलम्बु गाउँ कार्यपालिका बैठकबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२ परिभाषाः**

क. "समिति" भन्नाले विद्यालयस्तरमा गठन हुने विद्यालय भौतिक संरचना मर्मत सम्भार समन्वय समितिलाई जनाउछ ।

ख."कोष" भन्नाले विद्यालय भौतिक संरचनाहरु मर्मत गर्ने प्रयोजनको लागी विद्यालय स्वयंको पहलमा खडा गरिएको संचित कोष भन्ने बुझिन्छ ।

ग."मर्मत सम्भारकर्ता" भन्नाले विद्यालयले तोकिएको भौतिक मर्मत सम्भार सम्बन्धि तालिम प्राप्त मर्मत सम्भार कर्ता भन्ने जनाउछ ।

घ. "सामग्री" भन्नाले विद्यालय भौतिक संरचनाको सामान्य मर्मत गर्ने आवस्यक सामग्री भन्ने जनाउछ ।

## परिच्छेद २

## लक्ष्य, उद्धेश्य तथा रणनीति

**२.१ लक्ष्यः** विद्यालय भवन तथा सार्वजनिक सम्पत्तिको दिगो उपयोगको लागी मर्मत सम्भारको विषयलाइ गाँउ पालीकाको नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्दै दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न, प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वमित्व स्थापित हुनेगरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्दै सञ्चालन तथा र्मंमत सम्भारलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, र जिम्मेवार बनाउने ।

**२.२ उद्देश्यहरुः**

- भौतिक संरचनाहरुको मर्मत सम्भारलाई निरन्तरता दिन
- प्रयोगका क्रममा विग्रन गएका संरचनाहरुको तत्काल मर्मत कार्य सम्पन्न गर्न
- भौतिक संरचनाको निरन्तर सदुपयोगको सुनिश्चितता गर्न
- मर्मत सम्भार कोष, योजना, समिति गठन र कार्यान्वयन गर्न ।

**२.३ नेपालको राष्ट्रिय नीतिहरूमा विद्यालयको भौतिक संरचना मर्मत तथा सम्भार**

सार्वजनिक पूर्वाधारहरुको दीगोपनाका लागि नियमित मर्मत तथा संभार अपरिहार्य छ, जसको लागि आर्थिक श्रोतको आवश्यक हुन्छ । सार्वजनिक पूर्वाधारहरूको व्यवस्थापन र मर्मतसम्भार सम्बन्धी जिम्मेवारीहरू राष्ट्रिय नीतिहरूमा समेटिएका छन् ।
स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नेपालका विद्यालयहरूको मर्मतसम्भार व्यवस्थापनलाई पनि सम्बोधन गरेको छ ।

**२.४ संरचना**

यो कार्यविधिले विद्यालयमा भौतिक संरचना मर्मत तथा सम्भारसम्बन्धी काम गर्ने विद्यालयहरू, गैर सरकारी संस्थाहरू, सम्वन्धित विभिन्न संघ संस्थाहरू, समुदायमा विद्युतिय काम गर्न जानेको व्यक्तीको सहयोगमा मा आधिरित स्थानीय समूहहरू, सरकारी निकायहरू, र यस विषयमा रुचि राख्ने तथा जिम्मेवारी बहन गर्नेहरू सबैलाई सहयोग पुऱ्याउने मनसाय राखेको छ ।

**२.५ विद्यालयहरूमा भौतिक संरचना मर्मत तथा सम्भारलाई प्रभाव पार्ने महत्वपूर्ण पक्षहरु**

सार्वजनिक संरचनाहरुको मर्मतसंभारको प्रभावकारीता त्यस संग सम्वन्धित केही पक्षहरू लाई कसरी ध्यान दिईएकोछ भन्ने कुरामा निर्भर गर्दछ । ती पक्षहरु लाई समयमै नियमित रुपमा ध्यान दिदै जाने हो भने विद्यालयमा भौतिक संरचनाहरुको मर्मत तथा सम्भारको कार्यलाई मलजल गर्छन । त्यसैले तल दिइएका प्रभाव पार्ने पक्षहरू बारे समयमै ध्यान दिनु आवश्यक छ ।

| **आर्थिक (संरचना मर्मत तथा सम्भार कोष) :** |
|---|
| • विद्यालयमा संरचनाहरुको मर्मत तथा सम्भारका लागि रकमको उपलब्धता<br>• सरकारी तथा गैर सरकारी श्रोतबाट सहयोग<br>• संरचनाहरुको मर्मत तथा सम्भार कोषको स्थापना र नियमित सञ्चालन |
| **श्रोत :** |
| • सीपयुक्त र तालिम प्राप्त मानवीय संसाधन र उपयुक्त सामग्रीको उपलब्धता<br>• साधनहरू र अवश्यक पर्न सक्ने जगेडा पाटपूर्जाको उपलब्धता |
| **प्रशासन :** |
| • विद्यालय व्यवस्थापन समितिको प्राथमिकता र आवश्यक पर्ने सीप<br>• विद्यालयमा भौतिक संरचना मर्मत तथा सम्भारको संस्थागत विकास (विद्यालयको कसरी मर्मतसम्भार गर्ने)<br>• स्थानीय सरकारको कानून तथा नीतिहरू |
| **सरकारी निकायको स्वामित्व र सहयोग :** |
| • सार्वजनिक संरचनाहरु दीगोपनाका लागि सरकारी निकायको सहयोग<br>• स्थानीय तहमा स्पष्ट नीति र कानूनको उपलब्धता<br>• विद्यालयमा संरचनाहरुको मर्मत तथा सम्भार अनुगमन र मूल्यांकन संयन्त्रको उपलब्धता |
| **प्रयोगकर्ताहरूको स्वामित्व र धारणा :** |
| • विद्यालयका भौतिक संरचनाहरू प्रयोग गर्नेहरु सवैलाई त्यसको मर्मत तथा संभार चासोको विषय हुनु नितान्त आवश्यक छ । यसको अर्थ भनेको प्रयोग गर्नेहरु तिनले चाहेको उद्देश्य पुरा गर्नका लागि उचित तरिकाले संरचनाहरूको प्रयोग हो । यसमा सबै प्रयोगकर्ता सक्रिय सहभागिता हुन्छ पर्दछ –। विद्यालयका भौतिक संरचनाहरूलाई चुस्त तथा दुरुस्त राख्न सवै प्रयोगकर्ताहरु सचेत र क्रियाशील रहन आवश्यक छ । |

## २.३ रणनीतिहरुः

२.३.१.विद्यालय भौतिक संरचनाहरुको मर्मत तथा सम्भारका सवालहरूलाई संघीय, प्रादेशिक तथा स्थानीय गरी तीन तहका सरकारको योजना प्रक्रियामा प्रवाहीकरण गर्ने,

२.३.२.विद्यालय भौतिक संरचनाहरुको मर्मत तथा सम्भारका लागि सरकारी, गैर सरकारी, निजी क्षेत्र र नागरिक समाजका बीच समन्वय, सहकार्य र साझेदारी गर्ने,

२.३.३.विद्यालय भौतिक संरचनाहरुको मर्मत तथा सम्भारको विषयलाई विद्यालय सुधार योजनामा समावेश गर्ने र आवाधिक रुपमा समिक्षा गरि अध्यावधिक गरि राख्ने

२.३.४. विद्यालय भौतिक संरचनाहरुको मर्मत तथा सम्भारका लागि निरन्तर स्वमूल्याङ्कन पद्धति अवलम्बन गर्ने,

२.३.५. विद्यालय मर्मत सम्भार समन्वय समिति र सरोकारवालाहरुको क्षमता विकास गर्ने,

२.३.६ विद्यालय भौतिक संरचनाको मर्मत तथा सम्भारका कृयाकलापहरुको नियमितता गर्ने कार्यलाई नियमित सिकाइ क्रियाकलापसंग आबद्ध गर्ने ।

२.३.७ विद्यालय भौतिक संरचनाको मर्मत तथा सम्भारका कृयाकलापहरु सञ्चालन गर्दा मुख्यरुपमा मर्मत सम्भार कर्ता तथा विद्यालय परिवार परिचालन गरिने छ ।

२.३.८ मर्मत सम्भार सम्बन्धी अतिरिक्त कियाकलापहरु सञ्चालन गर्ने ।

## परिच्छेद ३

## न्युनतम मर्मत सम्भार

### ३.१ मर्मतसम्भारका प्रकारहरू

**३.१.१ निरोधात्मक मर्मतसम्भार :**
पूर्वाधारहरूलाई दुरुस्त र राम्रो अवस्थामा राखिरहन यसको नियमित रूपमा योजना बनाइ काम सम्पन्न गरिन्छ । जस्तै : पाइप नेटवर्क निरीक्षण, शौचालयको फ्लस, मेकानिकल सामानहरूको सफाइ र ग्रीज लगाउने काम, समयावधि सकिएका सामग्रीहरूको प्रतिस्थापन आदि । उदाहरणका लागि : जस्ता पातामा खिया लाग्नु अघि नै रङरोगन गर्ने, चुँडिएका तारले काम गरिरहेको भएपनि प्रतिस्थापन गर्ने, पानी भित्र नछिरोस भन्नका लागि छानाका पेचहरू कस्ने, वर्षात मौसम लाग्नुअघि नै बर्षातको पानी सङ्कलन गर्ने प्रविधि कार्यान्वयन गर्ने विद्यालय वरिपरीका भागको मर्मत तथा रोकथामका काम गर्ने। निरोधात्मक मर्मतसम्भारका लागि विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ताले मासिक निरीक्षण गर्ने र पूर्वाधारहरूको मर्मत गर्नुपर्ने कुराको पहिचान गर्नुपर्छ ।

यदि सही तरिकाले नियमित रूपमा तालिकाको पालना गरेमा रोकथामका उपायले नै धेरै खर्च लाग्ने मर्मतलाई घटाउन सक्छ । निरोधात्मक मर्मतसम्भारले उपकरणको मर्मतसम्भार, र मर्मतसम्भारका लागि खटिने व्यक्तिहरूको स्पष्ट जिम्मेवारी र आवश्यक औजारलाई समेट्छ । वर्षको एकपटक निरोधात्मक मर्मतसम्भारका लागि छुट्ट्याउनु अति आवश्यक हुन्छ । जस्तै कामै नलाग्ने गरी छाना बिग्रनुअघि नै यसको निरीक्षण गर्नपर्छ ।

**३.१.२ सुधारात्मक मर्मतसम्भार :** यसले केही कुरा गलत रूपले गरिएको छ र त्यसलाई सुधार गर्न परिवर्तन गर्न आवश्यक छ भन्ने जनाउँछ । उदाहरका लागि : पाइपको पुनर्जडान वा गलत रुपले राखिएको पम्पको प्रतिस्थापन वा झ्यालको सिसा फुटेको भए यसलाई ठूलो टुटफुट हुनबाट जोगाउन प्रतिस्थापन गर्ने ।

**३.१.३ आपतकालीन मर्मतसम्भार :** यो संकट परेका बेला वा जन गुनासो आएको प्रतिक्रिया स्वरुप गरिन्छ । यो सामान्यतया केही कुराले काम गर्न छोड्यो वा गर्नु नपर्ने काम गर्न थाल्यो भने त्यसको नतिजास्वरुप गरिन्छ । उदाहरणका लागि : यदि हुरीले छानाको जस्ता पाता उडायो भने तुरुन्तै त्यसको मर्मत आवश्यक हुन्छ । यदि तुरुन्तै जडान गर्न सकिएन भने जस्ता पाताले प्रतिस्थापन गर्नुअघि छानालाई त्रिपालले छोप्नुपर्छ । विद्यालय रहेका ठाउँमा पहिरोको ठूलो जोखिम छ । यदि पहिरो आयो भने तुरुन्तै गर्न सकिने रोकथामका उपायहरू अपनाउनुपर्छ ताकी पूर्वाधार र प्रयोगकर्तालाई कुनै जोखिम नपुगोस् । आपतकालीन मर्मतसम्भारले ठूलो क्षति हुनबाट रोक्छ र विद्यालय प्रयोगकर्ताहरूको सुरक्षाको सुनिश्चितता गर्छ ।

**३.१.४आवधिक मर्मतसम्भार :** पूर्वाधारका केही भागहरूको आवधिक रूपमा मर्मतसम्भार गर्नु आवश्यक हन्छ, जस्तै हरेक १० वा २५ वर्षमा एकपटक । उदाहरणका लागि : १० वर्षमा एकपटक भवनको पुरै रङ्गरोगन गर्ने, २५ वर्षमा एकपटक छानाका जस्तापाताहरूको परिवर्तन गर्ने ।

### ३.२ ससाना रोकथाम र मर्मतसम्भार

विद्यालयका पूर्वाधार र खानेपानी, सरसफाई एवम् स्वच्छताका पूर्वाधारहरूका विभिन्न पक्षहरूको हेरचाह गर्नु आवश्यक हुन्छ । सबैभन्दा आवस्यक भइरहने तर सानासाना लाग्ने रोकथाम र मर्मतसम्भारका क्रियाकलापहरू अनुसुचि १ मा दिइएको छ

## परिच्छेद ४

## समिति सम्वन्धी व्यवस्था

**४.१ विद्यालय** भौतिक **संरचना मर्मत सम्भार समितिः** विद्यालयमा मर्मत सम्भार सम्वन्धी योजना तर्जुमा, सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा सम्वन्धित विद्यालय व्यवस्थापन समितिको मातहतमा रहने गरी देहायका सदस्य रहेको एक विद्यालय मर्मत सम्भार समिति रहनेछ :

क) अविभावक मध्ये बाट विद्यालय व्यवस्थापन समितिले तोकेको १ जना - संयोजक

ख) विद्यालय मर्मत सम्भार सम्पर्क शिक्षक एकजना - सदस्य

ग) विद्यालय व्यवस्थापन समितिले तोकेको तालिम प्राप्त मर्मत सम्भार कर्ता मध्ये बाट एक - सदस्य

घ) बाल क्लबका पदाधिारीहरुले आफूमध्येबाट छानी पठाएको एकजना छात्रा -सदस्य

ङ) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

**४.२ बैठक सम्वन्धी कार्यविधि :**

४.२.१. समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

४.२.२. समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

४.२.३. समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले बैठक पूर्व सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

४.२.४.समितिमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

४.२.५. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबााट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

४.२.६.समितिको बैठकमा सकभर सर्व सम्मत्,सर्व सम्मत् हुन नसके बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

४.२.७. बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**४.३ समितिको काम कर्तव्य र अधिकार**

४.३.१ विद्यालयका संरचनाहरूको मर्मत र सम्भारलाइ सुनिश्चितिताका लागि सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयन गर्ने,

४.३.२ विद्यालयमा संरचनाहरूको मर्मत र सम्भारका लागि सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने,

४.३.३ विद्यालय सुधार योजनामा संरचनाहरूको मर्मत र सम्भारका क्रियाकलापहरू समावेश गराइ संरचनाको दिगोलाइ बनाउने वातावरण तयार गर्ने,

४.३.४ विद्यालयलाई गाँउ पालिकाले तोकेको मापदण्डको आधारमा उत्कृष्ट अवस्थामा पुर्‍याउनका लागि आवश्यक स्रोतहरूको खोजी र व्यवस्थापन गर्ने,

४.३.५ विद्यालयका संरचनाहरूको मर्मत र सम्भार तथा सरसफाइका सुविधाहरूको मर्मत, सम्भार, रेखदेख र अनुगमन गर्ने,

४.३.६ विद्यालय संरचनाहरूको मर्मत र सम्भारको स्व फाराम भरी विद्यालय व्यवस्थापन समितिलाई उपलब्ध गराउने,

४.३.७ यस कार्यविधिले विद्यालयमा खानेपानी तथा सरसफाइ प्रर्वधनमा सहयोग पुऱ्याउन, नेपाल सरकारको खानेपानी तथा सरसफाइ कार्यविधि अनुसार उल्लेख भएको तीन तारायुक्त बनाउन र निरन्तरता दिनका लागि विद्यालय व्यवस्थापन, प्रशासन र बाल क्लबसँग समन्वय गरी अन्य आवश्यक क्रियाकलापहरू गर्ने,

## परिच्छेद ५

## अनुगमन र समीक्षा

विद्यालयमा निर्माण गरिएका भौतिक संरचनाहरु उपभोगका क्रममा मर्मत तथा सम्भारको पक्षमा अपेक्षा गरिएका नतिजाहरु हासिल भए नभएको सम्बन्धमा नियमित रुपमा निरुपण गर्नु नै विद्यालय मर्मत तथा सम्भार योजनाको अनुगमनको मुख्य प्रयोजन हो । विद्यालयमा हरियाली, सफा, शान्तिपुर्ण र सुरक्षित वातावरण निर्माण तथा विद्यालय भवन, कक्षा कोठा लगायतका संरचनाहरुको उपयोग प्रभावकारी तरिकाले हुनका लागि नियमित अनुगमन चरणका कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियाको अवस्था अभिलेखन, विश्लेषण र प्रवोधिकरण गर्दछ । यसले विद्यालयको मर्मत तथा सम्भारको सन्दर्भमा सवल तथा सुधार गर्नुपर्ने पक्षहरुको मुल्यांकन गरी लक्षित र वास्तविक कार्यान्वयन स्थिती विचको दुरी पत्ता लगाउँछ

**अनुगमन तथा मुल्यांकन :**

- मर्मत तथा सम्भारको सन्दर्भमा के कार्यहरु भइरहेको छ र यसले कतिको प्रभावकारी रूपमा गति लिईरहेको छ र यसले आफ्नो अपेक्षित लक्ष र उद्देश्यहरू हासिल भए नभएको सम्बन्धमा सुचकहरुको आधारमा मुल्यांकन ।
- भविष्यमा गर्नुपर्ने सुधार तथा क्रियाकलापका सम्बन्धमा मार्ग निर्देशन
- सरोकारवालाहरूको ध्यानाकर्षण तथा त्यसमा जवाफदेहिता
- स्थानीय सरकारका तहमा वकालत, पैरवी र जनचेतना अभिवृद्धि गर्न मार्गनिर्देश गर्छ यसबाट विद्यालयहरूलाई मर्मत तथा सम्भारको क्षेत्रमा आवश्यक भुमिका निर्वाहका लागि सहयोग पुर्‍याउनुका साथै यसको महत्व दर्शाएर यस सम्बन्धमा जिम्मेवार बन्न तत्पर गराई सरोकारवालाहरुको बीचको समझदारी तथा सहकार्यलाई बढावा दिन्छ ।

### ५.१ विद्यालयमा भौतिक संरचना मर्मत तथा सम्भारको मासिक निरीक्षण

भौतिक संरचना मर्मत तथा सम्भारसम्बन्धी मासिक निरीक्षण सूचीको प्रयोग गरी (हेर्नुहोस संरचना मर्मत तथा सम्भार योजनाको अनुसूची ५) विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ताले मासिक रूपमा निरीक्षण गर्नुपर्छ । सम्भव भएसम्म यस्तो निरीक्षण संरचना मर्मत तथा सम्भार र खानेपानी, सरसफाइ एवम् स्वच्छता समितिका बैठकको बेलामा गर्नुपर्छ । यसबारेमा सचेतना जगाउन शिक्षक अभिभावक संघ र बाल क्लबका प्रतिनिधिहरूलाई पनि निरीक्षणमा भाग लिनका लागि आमन्त्रित गर्नुपर्छ ।

निरीक्षणको नतिजा संरचना मर्मत तथा सम्भार र खानेपानी, सरसफाई एवम् स्वच्छता समितिका मासिक/द्वैमासिक बैठकमा राख्नुपर्छ र छलफल गर्नुपर्छ । प्रधानाध्यापकले यो मासिक निरीक्षण सूचीमा हस्ताक्षर गर्नुपर्छ ताकी उसलाई पूर्वाधारहरूको अवस्थाबारे ज्ञात रहेको निश्चित होस।

संरचना मर्मत तथा सम्भार र खानेपानी, सरसफाई एवम् स्वच्छता समितिले विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ताको कामलाई निरीक्षण सूची अनुसार भए नभएको सुपरिवेक्षण गर्छन र आवश्यक परेमा नयाँ क्रियाकलापका लागि सिफारिश गर्छन । यसरी प्राप्त भएका सिफारिशलाई विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ताले आगामी हप्ताका कार्य योजनामा समेट्छ साथै आवश्यक भएमा चाहिने सरसामग्री किन्ने सूची पनि बनाउँछ ।

विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ताले यसरी गर्ने नियमित निरीक्षणले सबै पूर्वाधारहरू सुरक्षित छन र तिनको गम्भीर रुपले ख्याल गरिएका छ भन्ने जनाउँछ । यसरी सम्पन्न भएको निरीक्षणले विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्तालाई संरचनाहरूको स्थितिबारे ज्ञात हुन्छ र आवश्यकता अनुसार कार्ययोजनामा समावेश गर्नुपर्ने भए त्यो गर्ने बाटो पनि दिन्छ ।

नियमित निरीक्षण :

- संरचनाहरूको सेवा प्रवाहमा आउन सक्ने बाधाहरूलाई कम गर्न सघाउँछ
- टुटफुटबाट जोगाउँछ
- संरचना बिग्रनु अघि नै सामान मगाउन र दक्ष सीपयुक्त श्रमिक परिचालन गर्न सघाउँछ
- संरचनाको अवस्थाबारे थाहा पाइराख्न मद्दत गर्छ
- पहिलेका अभिलेखको मद्दतले नयाँ के के समस्याहरू आएछन भन्ने तुलना गर्न सघाउँछ ।

### ५.२ **विद्यालयमा** भौतिक **संरचना मर्मत तथा सम्भारको वार्षिक अनुगमन**

विद्यालयमा संरचना मर्मत तथा सम्भारको वार्षिक अनुगमन भनेको विद्यालय तहमा नियमित रुपमा हुने विद्यालय संरचनाहरुको मर्मत सम्भार सम्बन्धी क्रियाकलापहरूबारेका सुचकहरुको आधारमा अनुगमन गरी मुल्यांकन र विश्लेषण पश्चात आवश्यक सुझाव तथा पृष्ठपोषण प्रदान गर्न आधिकारीक पक्षबाट गरिने कार्य हो । विद्यालय संरचना मर्मत तथा सम्भार सम्बन्धी क्रियाकलापहरू मर्मत तथा सम्भार योजना अनुशरण गरी सो योजनाले निर्दिष्ट गरे अनुसार कार्यान्वयन भएका छन् छैनन् भनि निरीक्षणका लागि प्रयोग गरिने विधि हो । यसले समस्याहरूको पहिचान र समाधानका उपायहरु पत्ता लगाई प्रभावकारी तरिकाले अगाडी बढ्न सहयोग गर्छ ।

तसर्थ, अनुगमनले तल दिइएका क्षेत्रमा विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्तालाई विद्यालय संरचना मर्मत तथा सम्भार सम्बन्धी कार्यहरु उपयुक्त तरिकाले भए नभएको सम्बन्धमा नियाल्न सहयोग पुऱ्याउनुपर्छ :

- क्रियाकलापहरू
- रिपोर्टिङ र दस्तावेजीकरण
- बजेट

अनुगमन कार्य विद्यालय व्यवस्थापन समितिको नेतृत्वमा र विद्यालय संरचना मर्मत तथा सम्भार समिति र खानेपानी, सरसफाई एवम् स्वच्छता समिति मार्फत गरिन्छ । प्रधानाध्यापक र विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ताले अनुगमनका समयमा अनिवार्य रुपमा उपस्थित हुनुपर्छ तर प्रक्रियाको नेतृत्व गर्नु हुँदैन । वार्षिक अनुगमन निरीक्षण सूची (हेर्नुहोस अनुसूची ७) मा आधारित रहेर विद्यालय संरचना मर्मत तथा सम्भार समिति र खानेपानी, सरसफाई एवम् स्वच्छता समितिका योजना बैठक हुनुअघि यो हरेक वर्षको माघ महिनामा गरिनुपर्छ । जसले गर्दा स्थानीय सरकारको शैक्षिक वर्ष सुरु हनुभन्दा पहिले नै वार्षिक योजना तथा बजेट तयार गरी पेश गर्न सकियोस ।

### ५.३ **विद्यालयमा** भौतिक **संरचना मर्मत तथा सम्भार समीक्षाको मुल्यांकन**

वार्षिक विद्यालय संरचना मर्मत तथा सम्भार सम्बन्धी कार्यहरूको मुल्यांकन एवं समीक्षामा हासिल भएका उद्देश्यहरू र विद्यालयमा संरचनाहरुको मर्मत तथा सम्भारसँग सम्बन्धित सरोकारवालाहरूको व्यवहारमा आएको परिवर्तनको अवलोकन र मूल्यांकन गर्न परिक्षण समेतको नतिजालाई समावेश गरिन्छ । मुल्यांकन तथा समीक्षाका माध्यमबाट विद्यालय संरचना मर्मत तथा सम्भार सम्बन्धी कार्यहरू उपयोगी भए नभएको र यसलाई अझै प्रभावकारी एवं व्यवहारीक बनाउन के गर्न सकिन्थ्यो र पहिले भन्दा के फरक तरिका अपनाएको भए हुन्थ्यो भन्ने थाहा पाउन सकिन्छ । यस्ता मुल्यांकन एवं समीक्षा कार्यक्रमको आयोजना विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ता र प्रधानाध्यापकको सहयोगमा विद्यालय संरचना मर्मत तथा सम्भार र खानेपानी, सरसफाई एवम् स्वच्छता समितिले गर्छन् ।

मुल्यांकन तथा समीक्षा निश्चित समयहरूमा हुन्छ । वार्षिक समीक्षा बैठक विद्यालय व्यवस्थापन समितिको नेतृत्वमा हुन्छ, विद्यालय संरचना मर्मत तथा सम्भार र खानेपानी, सरसफाई एवम् स्वच्छता समिति, हेरचाकर्ता र

प्रधानाध्यापकसँगै गरिन्छ । समीक्षा बैठक हुनुभन्दा अघि विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ताको सहयोगमा विद्यालय संरचनाहरुको मर्मत तथा सम्भार र खानेपानी, सरसफाई एवम् स्वच्छता समितिले अभिलेखहरू (विद्यालय संरचनाहरुको मर्मत तथा सम्भार कार्य योजना, अनुगमन निरीक्षण सूची, मासिक निरीक्षण सूची र विद्यालय संरचना मर्मत तथा सम्भार कोष हिसाबकिताब) को संग्रह र तिनको विश्लेषण गर्छन् । राखिएका अभिलेखको आधारमा विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ताले सबै सूचना तथा जानकारी उपलब्ध गराउँछ ।

विद्यालय संरचनाहरुको मर्मत तथा सम्भार समीक्षा बैठकमा छलफलका लागि निम्न अनुसारका बुँदाहरुलाई प्रमुख विषयको रुपमा राखिन्छन् । जस्तै :

- वार्षिक समीक्षाको उद्देश्य
- बैठकका अपेक्षित उपलब्धिहरू
- तलका सहित विद्यालय संरचना मर्मत तथा सम्भार बस्तुस्थितिको जानकारी :
    - बैठकहरू (कति पटक भए)
    - नतिजाहरूको अनुगमन, विद्यालय संरचना मर्मत तथा सम्भार कार्य योजना र अन्य अभिलेखहरू
    - बजेट : विद्यालय संरचना मर्मत तथा सम्भार कोष व्यवस्थापन र कार्यप्रक्रियाहरू (बिनियोजन, बजेट निकासा)
    - सरोकारवालहरूमाझ सञ्चार
    - भूमिका र जिम्मेवारीहरू : अभ्यास बहन र प्रभावकारिता
- विशेष उपलब्धिहरू
- समस्याहरू तथा मुद्दाहरू र तिनको सम्भावित समाधानकाहरू उपायहरु
- सिकिएको पाठ

वार्षिक विद्यालय संरचना मर्मत तथा सम्भार समीक्षा बैठक वार्षिक योजना तर्जुमा बैठक हुनुभन्दा २ हप्ता अघि गर्न सुझाइएको छ । यसले वार्षिक विद्यालय संरचना मर्मत तथा सम्भार र खानेपानी, सरसफाई एवम् स्वच्छता समितिको बैठकमा यसका नतिजाहरू आदानप्रदान गर्ने मौका दिन्छ । भविष्यमा आवश्यक प्रयोजनकालागि समीक्षा प्रतिवेदन तत्तत् फाइलमा भरि राखिएको हुनुपर्छ ।

## परिच्छेद ६

## क्षमता विकास तथा वित्तीय व्यवस्थापन

### ६.१ क्षमता विकासका क्रियाकलाप:

पूर्वाधारहरूको दिगोपनाका लागि विद्यालयमा प्रभावकारी संरचना मर्मत तथा सम्भार प्रणाली सञ्चालन गर्न विद्यालय सचेतना अभिवृद्धि महत्वपूर्ण चरण हो । सचेतना अभिवृद्धिले पूर्वाधारप्रति सचेत वा सूचित प्रयोगकर्ता तर्फ डोऱ्याउँछ र यो विषयलाई विद्यालय व्यवस्थापन समिति, सरकारी निकाय र अन्य निकायको सवालको विषय हो ।

#### ६.१.१ विद्यालयमा भौतिक संरचना मर्मत तथा सम्भारबारे सचेतना जगाउने

विद्यालयमा संरचना मर्मत तथा सम्भारको प्रभावकारी कार्यान्वयनको पहिलो चरण भनेको यसको महत्व सम्बन्धी धारणाको निर्माण हो । तसर्थ, संरचना मर्मत तथा सम्भारका निम्न लिखित तहहरूमा सूचना उपलब्ध गराउनु पर्नेछ :

१. गाउँपालिका
२. वडा कार्यालयहरु
३. गाँउ शिक्षा समिती

४. विद्यालयहरू
  क.) वि. व्य. स.
  ख.) शि. अ. सं.
  ग.) शिक्षकहरु
  घ.) अभिभावकहरु
  ङ.) विद्यार्थी

**(क) पुरस्कार प्रणाली**

सबै तहले निश्चित मागदर्शनहरू अपनाएका छन् र विद्यालयमा प्रभावकारी संरचना मर्मत तथा सम्भार अत्यावश्यक छ भन्ने सुनिश्चित गर्न पुरस्कार प्रणालीको स्थापना (जस्तै : सर्बोत्कृष्ट संरचना मर्मत तथा सम्भार प्रणालीका लागि पुरस्कार) गरिन्छ । पुरस्कार प्रणालीभित्र राष्ट्रिय संरचना मर्मत तथा सम्भार मापदण्ड भित्र पर्ने वा मासिक रूपमा विद्यालय तथा खानेपानी, सरसफाई र स्वच्छता पूर्वाधारहरूको अनुगमन गर्ने विद्यालयहरूलाई  गाउँपालिकाबाट वार्षिक रुपमा उत्कृष्ट मर्मत सम्भार गर्ने विद्यालयको रुपमा पुरस्कृत गर्न सकिन्छ । पुरस्कारले विद्यालयको इज्जत प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँछ जसले विद्यालयको भर्नादरलाई बढाउन सक्छ, विद्यालयको आयश्रोत बढाउन सक्छ र विद्यालय तथा खानेपानी, सरसफाई एवम् स्वच्छताका पूर्वाधारहरूको गुणस्तर दुरुस्त राख्न वा थप सुदृढ गर्न सक्छ ।

**(ख)** भौतिक **संरचना मर्मत सम्भार आचारसंहिता**

सचेतना अभिवृद्धि क्रियाकलापका अंशका रूपमा सम्बन्धित शिक्षक वा विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ताको सहयोगमा संरचना मर्मत तथा सम्भार र खानेपानी, सरसफाई एवम् स्वच्छता समिति र बाल क्लबले निर्माण गरेको यससम्बन्धी आचारसंहिता बनाइ लागू गर्नु राम्रो हुन्छ । आचारसंहिताले हरेक विद्यार्थीले पालना गर्नुपर्ने नियम र विद्यालयलाई राम्रो अवस्थामा राख्न शिक्षकले अपनाउनुपर्ने कुरा तय गर्छ । यसलाई औपचारिक रूपमा घोषणा गरी यससम्बन्धी जानकारी सत्रमा सबै विद्यार्थीहरूको हातहातमै दिनुपर्छ र हरेक कक्षामा कक्षा शिक्षकको नेतृत्वमा कक्षा सत्रमा प्रस्तुत गर्न लगाउनुपर्छ

**(ग)विद्यालयमा विद्यार्थी भर्नाको क्रममा संरचना मर्मत सम्भारसम्बन्धी जानकारी गराउने**

विद्यालयमा भर्नाको समयमा विद्यालयमा नयाँ भर्ना हुने विद्यार्थीका लागि बाल क्लबद्वारा जानकारी सत्र सञ्चालन गर्नुपर्छ । यदि आचारसंहिता नभएको खण्डमा पम्फलेट वा जानकारी ब्रोसरमा हरेक विद्यार्थीले विद्यालयका पूर्वाधारहरू कसरी दुरुस्त राख्ने र उचित तरिकाले प्रयोग गर्ने भन्ने उल्लेख गरी बाँड्नुपर्छ । जानकारी पत्रमा विद्यालयको मर्मत सम्भारका लागि के गर्न हुने र के गर्न नहुने भन्ने कुरा समावेश भएको हुनुपर्छ ।

**(घ)** भौतिक **संरचना मर्मत तथा सम्भारसम्बन्धी पोष्टर र स्टिकर**

विद्यालयका भौतिक संरचनाहरूहरूको कसरी प्रयोग गर्ने भन्नेबारेमा पोष्टर, स्टिकर र चित्रहरूसहितका सामग्री बनाइ सबैले देख्ने ठाउँहरू जस्तै : शौचालय, हात धुने ठाउँ र खेलमैदान वा विद्यालय परिसरमा राख्ने । पोष्टरले संरचना मर्मत तथा सम्भारलाई प्रोत्साहन मिल्ने सन्देश प्रवाह गरेको हुनुपर्छ जस्तै : कक्षा कोठा, शौचालय, फोहोर व्यवस्थापन । पोष्टरले ब्लू विद्यालयको सोचज्ञलाइ पनि ब्याख्या गर्न सक्छ वा अन्यले पनि सचेतना अभिवृद्धि र विद्यार्थी र शिक्षकलाई आफ्नो विद्यालयलाई  बालमैत्री बनाइराख्न प्रोत्साहन दिने हुनुपर्छ । जस्तै : खेलमैदान र विद्यालय परिसर सफा र चिटिक्क राख्ने ।

**(ङ) सूचना पाटीमा गर्न हुने र गर्न नहुने कुराको सूची राख्ने**

विद्यालयको सबैले देख्ने ठाउँ वा सूचना पाटीमा र विद्यालय परिसर नजिकै विद्यार्थी र शिक्षक दुवैलाई सूचित गर्न हुने र गर्न नहुने कुराहरू, विद्यालय संरचना मर्मत तथा सम्भारका लागि के गर्न उचित र के अनुचित भन्ने सूची बनाएर

प्रकाशन गर्ने । केही उदाहरणहरू तलको तालिकामा दिइएको छ । आवश्यकता अनुसार गर्न हुने र गर्न नहुने सूचीमा थपघट गर्न सकिन्छ ।

| के गर्ने | के नगर्ने |
|---|---|
| आफ्नो विद्यालय सफा राख्ने | कुनै पनि संरचनालाई नबिगार्ने |
| केही कुरा टुटेफुटेको भए शिक्षकलाई भन्ने | भित्तामा कुनै पनि कागज गम लाएर नटाँस्ने |
| फोहोर फाल्ने भाँडोमा मात्रै फोहोर फाल्ने | भित्ता र फर्निचरमा रङ नपोत्ने |
| शौचालय प्रयोग गरेपछि सफा गर्ने/पानी हाल्ने | आगोसँग नखेल्ने |
| आदर्श पात्र बन्ने | |
| अन्य विद्यार्थीहरूलाई सहयोग गर्ने | |
| | |

**(च)कक्षाकोठा समय तालिका**

हरेक कक्षा शिक्षकले विद्यार्थीहरूसँगै बसेर कक्षाकोठा तालिका बनाउनुपर्छ । जसमा हरेक कक्षा कोठा सफा राख्न र समय समयमा मर्मत सम्भार सुनिश्चित गर्नका लागि आवश्यक निर्देशन र क्रियाकलापहरू समावेश गरिएको हुन्छ । कक्षा कोठा समय तालिकामा तिनको कर्तव्य पनि उल्लेख गरिएको हुन्छ, जस्तै :

- फोहोर फाल्ने भाँडोमा फोहोर फाल्ने
- विद्यालय समय सकिएपछि झ्याल बन्द गर्ने
- फर्निचरको सही प्रयोग
- भुइँ बढार्ने

विद्यार्थीहरू आफैँ क्रियाकलापमा भाग लिने र आफ्नो समय तालिका आफैँले बनाउने कुरा महत्वपूर्ण हुन्छ । किनभने यदि उनीहरू आफैँले मिलेर बनाएको समय तालिका हो भने त्यसलाई पालना गर्ने सम्भावना बढी हुन्छ ।

**(छ) विद्यार्थीको नेतृत्वमा भौतिक संरचना मर्मत तथा सम्भार**

संरचना मर्मत तथा सम्भारका विभिन्न क्रियाकलापहरू छन जुन विद्यार्थीहरू, विद्यार्थीहरूको समूह र बाल क्लबले नै प्रत्यक्ष रूपमा सञ्चालन गर्न सक्छन । यस्ता गतिवधिले विद्यालयलाई दुरुस्त राख्न मात्र होइन बरु सचेतना अभिवृद्धि साथै आफ्नो विद्यालयको स्वामित्व पनि ग्रहण गर्न पनि सघाउँछन । विद्यार्थीहरूको सक्रिय सहभागितालाई विभिन्न तरीकाले सञ्चालन गर्न सकिन्छ । धेरै विद्यालयले  चक्रिय प्रणाली, जब कार्ड अदिको प्रयोग गर्छन जहाँ विद्यार्थीहरूको समूहले निश्चित मर्मतसम्भारका लागि आफ्नो पालो लगाउँछन (तल दिइएको छ) । कुनै एउटा कक्षा एक हप्ताका लागि कुनै एउटा क्रियाकलाप सञ्चालनका लागि संयोजक हुने साथै अर्को कक्षा अर्को क्रियाकलाप सञ्चालनका लागि संयोजक हुने । यसो गर्दा कक्षा शिक्षकले संरचना मर्मत तथा सम्भार क्रियाकलापको सुपरिवेक्षण गर्नु आवश्यक हुन्छ ।

विद्यार्थीले संरचना मर्मत तथा सम्भार सम्बन्धी निम्न क्रियाकलापहरू गर्न सक्छन् :

- शौचालय ब्लक (छात्र/छात्रा) को सरसफाइ
- फाहोर सङ्कलन
- कक्षा कोठा, पुस्तकालय, कम्प्युटर, भण्डारण कक्ष र अन्य कोठाहरूको सरसफाइ
- तल्लो कक्षाका विद्यार्थीहरूलाई हात धुने उपयुक्त तरीकाबारे सिकाउने र हात धुने ठाउँलाई कसरी सफा राखिरहने भन्नेबारेमा सिकाउने
- पिउने पानीको फिल्टरलाई कसरी दुरुस्त राखिरहने (कसरी पानी भर्ने र कसरी सफा गर्ने)
- विद्यालयको बगैँचालाई कसरी स्याहार गरी दुरुस्त राख्ने
- संरचना मर्मत तथा सम्भार सम्बन्धी क्रियाकलापहरूको अनुगमन

**(ज)विद्यार्थीले नै विद्यार्थीलाई पढाउने**

प्राथमिक विद्यालयका हरेक विद्यार्थीलाई माथिल्लो कक्षाका विद्यार्थीले भौतिक संरचना मर्मत तथा सम्भारका लागि अभिभावकत्व प्रदान गर्ने गरी खटाइनुपर्छ । यस्तो अभिभावकत्व लिने विद्यार्थीले विद्यालयमा संरचना मर्मत तथा सम्भारसम्बन्धी जिम्मेवारीहरूबारे सोधिने प्रश्नहरूको उत्तर दिन लगाउने । अभिभावक विद्यार्थीले संरचना मर्मत तथा सम्भारसम्बन्धी मुद्दाहरूमा उ अन्तर्गत रहेको विद्यार्थीलाई सिकाउने र पढाउने वा फरक तरिकाले संरचना मर्मत तथा सम्भार सम्बन्धी क्रियाकलापहरू कसरी गर्ने सिकाउनुपर्छ ।

### ६.१.२ संरचना मर्मत तथा सम्भार सचेतना अभिवृद्धि अभियान

सम्बन्धित शिक्षकको सहयोगमा विद्यालयले संरचना मर्मत तथा सम्भार सचेतना अभिवृद्धि अभियानको परिकल्पना र कार्यान्वयन गर्नुपर्छ । यस्तो अभियानहरू जस्तै : विद्यालयको वार्षिक सरसफाई कार्यक्रमका रूपमा गर्न सकिन्छ । यस्तो अभियानले हप्ताभरिका हरेक दिन विभिन्न क्रियाकलाप गरी सचेतना अभिवृद्धि गर्न सक्छन् । अभियानमा प्रत्येक कक्षाका विद्यार्थीहरूको प्रतिनिधित्व गराइनुपर्छ । यदि सम्भव छ भने त्यो भेकका अन्य विद्यालयलाई पनि संलग्न गराउन सकिन्छ ।

### ६.१.४ दैनिक पाठयोजनामा संरचना मर्मत तथा सम्भार समावेश गर्ने

संरचना मर्मत तथा सम्भारसम्बन्धी क्रियाकलापहरूलाई शिक्षकका दैनिक शिक्षण योजनामा समावेश गरिनुपर्छ । विषयगत कक्षा सुरु गर्नुभन्दा पहिले शिक्षक र विद्यार्थीले कक्षा कोठाको छिटोछिटो निरीक्षण गर्ने । उदाहरणका लागि : यदि केही करा भाँचिएको या टुटेफुटेको छ, रातभरी  झ्याल खुलै थियो की या फोहोर राख्ने भाँडो सफा छ की छैन आदि । यदि कुनै कुरा बिग्रेको छ भने या समस्या छ भने शिक्षक र विद्यार्थीले समाधानका उपायहरू पहिल्याउन कोशिश गर्नुपर्छ ।  विद्यार्थीले केही तोडफोड गरेको भए वा संरचनाहरूको मर्मत सम्भारमा केही गल्ती भेटिए सम्बन्धित कक्षा शिक्षकलाई वा प्रधानाध्यापकलाई जानकारी गराउन प्रोत्साहन दिनुपर्छ ।

### ६.१.५ संरचना मर्मत तथा सम्भारसम्बन्धी प्रतियोगिता

विद्यार्थीहरुमाभ्क संरचना मर्मत सम्भार सम्बन्धि सचेतना अभिवृद्धीको लागी प्रतियोगीतात्मक कार्यक्रम उपयोगी हुने छ । यस्ता धेरै प्रकारका प्रतियोगिताहरू छन् जसलाई  सञ्चालन गर्न सकिन्छ , जस्तै :

- वादविवाद कार्यक्रम
- विद्यालय परियोजना प्रतियोगीता
- चित्रकला प्रतियोगीता
- विद्यार्थीको लागी उत्कृष्ठ मर्मत सम्भार पुरस्कार

### ६.१.६सिकाइ तथा अध्ययन अवलोकन भ्रमण

एक अर्काबाट सिक्न  र संरचना मर्मत तथा सम्भारलाई अभ्क बढी सुधार्न विद्यालयहरूबीच अध्ययन अवलोकन भ्रमण सहयोगी हुन सक्छ ।

### ६.१.७ जनचेतना अभिवृद्धिसम्बन्धी गतिविधिहरू

संरचना मर्मत तथा सम्भार सम्बन्धी जनचेतना अभिवृद्धिसम्बन्धी गतिविधिहरू विद्यालयको दैनिक तालिकासँगै समावेश गरिनुपर्छ । कक्षा कोठासम्बन्धी दैनिक तालिकाको स्थापना, कक्षाकोठामा शिक्षकको नेतृत्वमा संरचना मर्मत तथा सम्भारसम्बन्धी छलफल र संरचना  मर्मत तथा सम्भारसम्बन्धी क्रियाकलापहरूलाई अतिरिक्त क्रियाकलापमा एकिकृत गर्नाले थप खर्च नगरी जनचेतना अभिवृद्धि गर्न सकिन्छ ।

विद्यालयमा वार्षिक रूपमा एक वा सो भन्दा बढी अभियान चलाउने र त्यस्ता अभियानलाई कुनै निश्चित दिनसँग जोड्ने । जस्तै : विश्व हात धुने दिवस, किशोरी दिवस, विश्व शौचालय दिवस, शिक्षक दिवस, स्वच्छ महिनावारी दिवस, विश्व

बालबालिका दिवस, मानवअधिकार दिवस, विद्यालय संरचना मर्मत तथा सम्भार दिवशमा अभिभावक सहभागिता । यसको पाइदा भनेको यस्ता दिवसमा मानिसहरू महत्वपूर्ण विषयमा जनचेतना अभिवृद्धिका लागि प्रेरित हुन्छन, तिनका ज्ञान आदानप्रदान गर्न र समाधानका उपायका लागि हातेमालो गर्न तयार हुन्छन । यो दिनका लागि विद्यालयलाई चाहिने सरसामग्रीहरू अनलाइनमा पाइन्छन् ।

### ६.१.८ मर्मत तथा सम्भार सम्बन्धी क्षमता अभिवृद्धि र तालिम

विद्यालयका पूर्वाधारहरूको दीगोपनाका लागि संरचना मर्मत तथा सम्भारसँग सम्बन्धित सबै सरोकारवालाहरूको क्षमता अभिवृद्धिको लागि तालिम/ अभिमुखीकरण/सचेतना गरिने छ ।

**१. विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्तालाई तालिम**

नियमित तथा आपतकालीन मर्मतसम्भारका लागि विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्तालाई मर्मतसम्भारसम्बन्धी तालिम प्रदान गरिने छ । (तालिमको विषय वस्तु अनुसुची ५ अनुसार)

**२. थप पूरक तालिम**

उपलब्धि, निरिक्षण अनुगमनबाट प्राप्त सुचांकको आधारमा थप पुनर्ताजगी तालिमको व्यवस्था गर्न सकिनेछ ।

### ६.२ वित्तीय व्यवस्थापन :

**६.२.१** विद्यालय खानेपानी, सरसफाइ लगायतका सुविधाहरुको मर्मत सम्भार एवम् स्तर वृद्धि गर्न विद्यालयले निम्न स्रोतहरूबाट छुट्टै मर्मत सम्भार कोषको व्यवस्था गर्न सक्नेछ

क. स्थानीय सरकारबाट प्राप्त रकम,

ख. स्थानिय सरकारको सहमतिमा विभिन्न संघ सस्थाहरुबाट नियमानुसार प्राप्त सहयोग,

ग. अन्य व्यक्ति वा निकायहरूबाट प्राप्त दानदातब्य, पुरस्कार,

घ. विद्यालय स्वयंले सङ्कलन तथा विनियोजन गरेको रकम,

**६.२.२ विद्यालयले मर्मत सम्भार कोषबाट देहायबमोजिमका कार्यहरु गर्न सक्नेछ :**

क. विद्यालयको भौतिक संरचनाहरूको मर्मत सम्भारको लागी आवश्यक मर्मत सामाग्री, उपकरण खरिद तथा मर्मत खर्च भन्दा बाहेक अन्य कुनै पनि शिर्षकमा खर्च गरिने छैन । उक्त खर्चको लागि गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

**६.२.२ खाता सञ्चालन सम्बन्धि व्यवस्था**

विद्यालय भौतिक संरचनाहरुको मर्मत सम्भार एवम् स्तर वृद्धि गर्न विद्यालयले आम्दानी गरेको स्रोतहरूलाइ छुट्टै मर्मत सम्भार कोषको व्यवस्था गर्न सक्नेछ । उक्त कोषलाइ व्यवस्थित गर्नको लागी समितीको निर्णय बमोजिम संयोजक र सदस्य सचिव सहित २ जनाको दस्तखत बाट संचालन हुने गरी कुनै पनी नजिकैको बाणिज्य बैकमा खाता सञ्चालन गरिने छ ।

## परिच्छेद ७

## योजना निर्माण

# १. भौतिक संरचना मर्मत तथा सम्भार योजना

संरचना मर्मत तथा सम्भार योजना (नमूना योजनाका लागि हेर्नुहोस अनुसूची १) विद्यालयहरूको मर्मत सम्भारलाई मार्गनिर्देश गर्नका लागि एकल रूपमा निर्माण गरिएको योजना हो । यो हरेक विद्यालयले स्थानीय संस्था, इन्जिनियर, प्राविधिज्ञ र कार्यक्रम निर्माताको सहयोगमा निर्माण गर्छन । सहभागितामूलक निर्माण प्रक्रियाको चर्चा तल गरिएको छ :

**संरचना मर्मत तथा सम्भार योजना निर्माण प्रक्रिया**

**चरण १: सवै महत्वपूर्ण सरोकारवालहरूसँग बसेर योजना निर्माण**
विद्यालय व्यस्थापन समिति बैठकमा आमन्त्रण (प्राविधिक, स्थानीय विकास, बाल क्लब) देखिएका र देखिन सक्ने समस्याको सुचि तयार गर्ने ।
नगर/गाउँपालिकाका प्राविधिक हुने र खानेपानी, सरसफाई एवम् स्वच्छता साथै ब्लू विद्यालय इन्जिनियरले प्राविधिक जानकारी जस्तै मर्मतसम्भारसम्बन्धी साझा मुद्दाहरूकको तालिका सङ्कलन तथा उपलब्ध गराउँछन् । स्थानीय साझेदार संस्थाले विद्यालय व्यवस्थापन समितिका प्रनिनिधि, प्रधानाध्यापक, खानेपानी, सरसफाई एवम् स्वच्छता अधिकारीहरू र श्रोत व्यक्तिहरू र/वा वडा अध्यक्षसँग बसेर संरचना मर्मत तथा सम्भार योजनासम्बन्धी कार्यशाला सञ्चालन गर्छन । संरचना मर्मत तथा सम्भार र खानेपानी, सरसफाई एवम् स्वच्छता समितिको गठनपछि यो समितिले संरचना मर्मत तथा सम्भार योजना निर्माणका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्छ । यो प्रक्रिया चलिरहुञ्जेल समितिले स्थानीय संघसंस्थाहरूबाट सहयोग लिन्छ ।

**संरचना मर्मत तथा सम्भार योजना निर्माण कार्यशाला**

समस्याको विषय किटानी गर्ने जस्तै धारा, खानेपानी, फर्निचर, ढोका, बाल क्लबका गतिविधि आदि अनुसुचिमा समावेश गर्ने । समस्याहरु धाराको टुटी, पाइप ट्यांकी आदि । गाह्रो प्लाष्टर रङरोगन । समाधानका उपायहरु -जिम्मेवारी : क) साधारण ख) प्राविधिक । कोष संकलन - विद्यार्थी, शिक्षक, अभिभावक स्थानीय तह, संचालनका श्रोत ।
यो कार्यशालाका उद्देश्यहरू स्पष्ट छन् । प्रस्तुतिमा बिग्रेभत्केका कुराहरूको तस्वीरहरू, संरचना मर्मत तथा सम्भारको महत्व दर्शाउन तिनका कारणहरू तथा राम्रा अभ्यासहरूको जोड दिइन्छ ।
विद्यालयको छाना देखि विद्यालयको मैदानसम्मका, पानीको श्रोत देखि पानी आपूर्ति प्रणाली सम्मका, शौचालय र तिनमा विग्रन सक्ने सम्भावित कुरा, त्यसलाई निराकरण गर्ने सकिने योजना, मर्मत योजना र तिनका लागि जिम्मेवार व्यक्तिहरू आदि सवै पूर्वाधारहरूको बारेमा छलफल हुन्छ । खानेपानी, सरसफाई एवम् स्वच्छता हेर्ने अधिकारीहरू वा इन्जिनियरले पानी आपूर्तिको भागसम्बन्धी सहजीकरण गर्छ । विद्यालयको पूर्वाधारहरूका बारेमा नगर/गाउँपालिकाका प्राविधिक अधिकृतहरूले सहजीकरण गर्छन । प्राविधिक कुराहरूबारेको जानकारी सङ्कलन गरिसकेपछि संरचना मर्मत तथा सम्भारको प्रशासनिक पक्षबारे छलफल हुन्छ ।

संरचना मर्मत तथा सम्भार कोषका बारे सोसम्बन्धी श्रोत व्यक्तिले सहजीकरण गर्छ । यदि उ अनुपस्थित छ भने स्थानीय साझेदार संस्थाहरूका सामाजिक परिचालकले छलफललाई सहजीकरण गर्छन ।

यसरी संरचना मर्मत तथा सम्भारका लागि आवश्यक बजेटको अनुमानित लागत तयार गरिन्छ, सम्भावित आर्थिक श्रोतका बारेमा छलफल हुन्छ र कोष व्यवस्थापन र अनुगमनका लागि संरचना मर्मत तथा सम्भार र खानेपानी, सरसफाई एवम् स्वच्छता समितिलाई जिम्मेवारी लिनका लागि निर्देशन दिइन्छ ।

**चरण २: कार्यशालाबाट निर्माण गरेका योजना विद्यालय व्यस्थापन समितिबाट संरचना मर्मत तथा सम्भार योजनालाई अन्तिम रूप दिने**
कार्यशालामा उठेका कुराहरूलाई एकत्रित गरी सोही आधारमा स्थानीय साझेदार संस्थाले छलफलमा संरचना मर्मत तथा सम्भार योजनाको मस्यौदा गर्छ र संरचना मर्मत तथा सम्भार र खानेपानी, सरसफाई एवम् स्वच्छता समिति, विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ता र विद्यालय व्यवस्थापन समितिलाई हस्तान्तरण गर्छ । विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्तासहित यी समितिको छुट्टै बैठकले यस योजनामा छुटेका कुरा थपघट गरी विस्तृत कार्ययोजना निर्माण गर्छन साथै निरीक्षण सूची भर्छन र संरचना मर्मत तथा सम्भार योजनाका लागि निश्चित विषयवस्तु निर्माण गर्छन । संरचना मर्मत

तथा सम्भार योजनाको मस्यौदा कारितास स्वीजरल्याण्डको कार्यालय, प्रधानाध्यापकको माध्यमबाट विद्यालय व्यवस्थापन समितिमा पेश गरिएको छ । खानेपानी, सरसफाई एवम् स्वच्छतासम्बन्धी अधिकारी, कार्यक्रम इन्जिनियर र कारितास स्वीजरल्याण्डका संरचना मर्मत तथा सम्भार संयोजकले यसको समीक्षा गरी आवश्यक सुधारका लागि टिप्पणी सहित स्थानीय साझेदार संस्थालाई उपलब्ध गराएको छ । यसरी प्राप्त टिप्पणीलाई सम्बोधन गरी स्थानीय साझेदार संस्थाले योजनालाई अन्तिम रूप दिएको हो ।

**चरण ३ : संरचना मर्मत तथा सम्भार योजना कार्यान्वयन कार्यशाला तथा आधिकारिता प्रदान**

**क. आधिकारिता प्रदान कार्यशाला/बैठक**

स्थानीय तहमा सुझाव सहितको स्वीकृती अन्य निकायमा सुझावका लागि सरोकारवालाहरुको भेलामा योजनाको बारेमा जानकारी । अन्त्यमा छपाई विद्यालय सुधार योजनामा समावेश गरी कार्यान्वयन ।

स्थानीय साझेदार संस्थाको सहयोगमा प्रधानाध्यापकको सहजीकरणमा आधिकारिता प्रदान गर्ने कार्यशाला सम्पन्न भएको थियो । संरचना मर्मत तथा सम्भारसँग सम्बन्धित सबै सरोकारवालाहरूलाई यो कार्यशालामा आमन्त्रित गरिएको थियो । यसको उद्देश्य यो योजनाको महत्वका लागि जनचेतना अभिवृद्धि गर्नु थियो । यसलाई आधिकारिता प्रदान गरिएसँगै विद्यालयले आफ्ना विद्यालयमा संरचना मर्मत तथा सम्भार प्रणालीको कार्यान्यवन गरी योजना लागू गर्ने प्रतिवद्धता जनाएका छन् ।

कार्यशाला सञ्चालन क्रममै योजनाको अन्तिम रुप प्रस्तुत गरिएको थियो र उही कुराहरू नदोहोरियून भने यसलाई विद्यालय सुधार योजनामै एकिकृत गरिएको छ ।

यो योजनाको एक प्रति विद्यालयमा पेश गरिएको छ । यस्तै एक प्रति विद्यालयको यससँग सम्बन्धित शिक्षक, एक प्रति स्थानीय साझेदार संस्था र एक प्रति कारितास स्वीजरल्याण्डमा राखिएको छ ।

**ख. संरचना मर्मत तथा सम्भार योजना कार्यान्वयन कार्यशाला**

स्थानीय साझेदार संस्थाले प्रधानध्यापक, सञ्चालन तथा मर्मतसम्भार र खानेपानी, सरसफाई एवम् स्वच्छता समिति, विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ता र विद्यालय व्यवस्थापन समितिसँग संरचना मर्मत तथा सम्भार योजना कार्यान्वयन कार्यशाला सञ्चालन गरेको छ । यो कार्यशालामा संरचना मर्मत तथा सम्भार योजनालाई प्रस्तुत गरी त्यसलाई काममा परिणत गरेको छ । योजनाका हरेक अध्याहरूलाई प्रयोगमा ल्याइएको छ साथै यसको स्वतन्त्र कार्यान्वयनका लागि ताकी यसले विद्यालय सहयोगी/मर्मतसम्भार कार्यकर्ता, विद्यालयकाको सम्बन्धित शिक्षक, संरचना मर्मत तथा सम्भार र खानेपानी, सरसफाई र स्वच्छता समितिका सदस्यहरू, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू र अन्य यससँग जिम्मेवार व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिएको छ ।

**कार्यशालाका उद्देश्यहरू**

यो कार्यशालाले निम्न उद्देश्यहरू राखेको थियो :

- संरचना मर्मत तथा सम्भारसँग सम्बन्धित सबै सरोकारवालाहरू र विद्यालयका अन्य यस सँग सम्बन्धित सरोकारवालाहरू आ–आफ्ना भूमिकाहरूबारे स्पष्ट हुनेछन्
- सबै सरोकारवालाहरूले यो योजनाको कसरी प्रयोग गर्ने भन्नेवारे थाहा पाउनेछन् ।

**ग. विद्यालय सुधार योजनामा समावेशीकरण**

यो योजना विद्यालय सुधार योजनामा समावेश गरिएको छ । यो प्रक्रियामा श्रोत व्यक्तिहरूले सहजीकरण गरेका छन् । विद्यालय सुधार योजनामा एकिकृत गरिएसँगै यो सरकारी निकायको अभिलेखमा समाहित भइ मान्यता दिइएको छ र विद्यालयहरूले लागू गरेका छन् ।

आज्ञाले,
भीमराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत